# १० परमेश्वर र उहाँका जनहरूसँग गर्नुभएको दुई कराररु

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्</u>* :गलाती ४:२१-३१ ,उत्पत्ति १:२८ ,उत्पत्ति २:२,३ ,उत्पत्ति ३:१५ ,उत्पत्ति १५:१-६ ,प्रस्थान ६:२-८ ,प्रस्थान १९:३-६।

***<u>स्मरण गर्नुपर्ने पद</u>* :**"**तर सबैभन्दा उच्च रहेको येरूशलेम त स्वतन्त्र छ। उनी हाम्रो आमा हुन्।) "गलाती ४:२६ रूपान्तरित(**

कतिपय इसाईहरूले पुरानो करारको गरिमा वा महत्त्वलाई स्वीकार गर्न चाहँदैनन्। उनीहरूले भन्छन् येशूको मृत्युपछि पुरानो करारको अधिकार वा औचित्यको अन्त्य भयो। सीनै  पहाडमा दिएको व्यवस्था र सुसमाचारको बीचमा तालमेल छैन भनेर तिनीहरूले प्रायजसो दावी गर्दछन्। जुन करार सीनैको पहाडमा दिइयो त्यो केवल व्यवस्थाको पालना गर्नलाई मात्र दिइएको हो भनेर तिनीहरूको निर्णायक धारणालाई प्रचलित गराउँदछन्। त्यसबेला मानिसहरूले व्यवस्थाको आवश्यकताहरू पूरा गर्न असफल भए भनेर तिनीहरूले दावी गर्दछन्। त्यसकारण परमेश्वरले नयाँ करार ल्याउनुभयो भनेर तिनीहरू भन्दछन्। यसको फलस्वरूप कतिपय इसाईहरूको दिमागमा दुई कराररहरू यसरी भिन्नै छन् भनेर सोच्दछन् :पुरानो करार व्यवस्थामा आधारित र नयाँ चाहिँ अनुग्रहमा अर्थात् व्यवस्थासँग सरोकार छैन।

यो लोकप्रिय धारणा भएपनि गलत छ। मुक्ति भनेको कहिल्यै पनि व्यवस्थालाई पालन गरेर पाइएको थिएन न त पाउने नै छन्। बाइबलको मुताविक यहूदी धर्म जहिले पनि अनुग्रहमा नै आधारित थियो। लिगालिजम वा व्यवस्थाको रितिथिति पालन गरेर मुक्ति पाउँछ भनेर गलातीका विश्वासीहरूलाई यहूदी-इसाईहरूले जुन सिकाइरहेका थिए त्यो न त सत इसाई धर्म नै थियो न त पुरानो करारको। इसाई शिक्षादीक्षासँग मात्र होइन, पुरानो करारको शिक्षादीक्षालाई उल्टो सिकाइरहेका गलातीका कथित इसाई धर्मगुरूहरूसँग पावलले सामना गरिरहेका थिए। दुवै कराररहरू समयको होइन तर मानव मनस्थितिको प्रतिबिम्ब गरेका थिए। दुबै करारले दुई किसिमबाट परमेश्वरसँग कसरी सम्वन्ध राख्ने भनेर सिकाएका थिए। आफ्नै प्रयासबाट परमेश्वरलाई खुशी पार्न सक्छ भन्ने धारणा गलत छ भनेर पुरानो करारले देखाउँदछ ,जसरी केनले गर्न खोजेका थिए। र नयाँ करारमाचाहिँ अबेलले

जस्तै ,परमेश्वरले गर्नुभएको प्रतिज्ञा वा कबूललाई कार्यान्वयन गर्न उहाँकै अनुग्रहमा पूर्ण रूपमा भर पर्नुपर्छ भनेर देखाउँदछ।

## १. करारका मौलिक आधारहरू

गलाती ४:२१-३१मा इस्रायलको इतिहासलाई औंल्याएर पावलले वाख्या गर्न खोजेका पदहरू उनका सम्पूर्ण पत्रहरूमा ती बुझ्न अत्यन्त कठिन पदहरू हुन् भनेर धेरैले सोच्दछन्। ती पदहरू बुझ्न पुरानो करारमा भएका व्यक्तिहरू र घट्नाहरूको ज्ञान हुन जरुरी छ नत्रभने ती पदहरूलाई लिएर कसैसँग तर्क गर्न सजिलो हुँदैन। पावलले प्रस्तुत गरेको तर्क कत्तिको महत्त्वपूर्ण छ भनेर बुझ्न पुरानो करारको मोटामोटी मौलिक ज्ञान हुनु नै पहिलो कदम हो। उनको मूल तर्क भनेको करारको अवधारणा हो।

हिब्रू शब्दबाट अनुवाद गरिएको “कभनेन्ट (covenant)" अर्थात् करारचाहिँ बेरिट berit हो। यो शब्द कम्तिमा तीनसय पल्ट पुरानो करार वा ओल्ड टेस्टामेन्टमा उल्लेख गरिएकोछ। यसको अर्थ ,कानूनी सम्झौता वा मञ्जुरनामा , एक आपसमा गरिएको सम्झौता अथवा सहमति हो। एशियाका मुलुकहरूमा हजारौं वर्षसम्म मानिस र देशहरूको बीचमा आपसी सम्झौता गरेर शान्तिसँग जीवन निर्वाह गर्ने प्रक्रियाले महत्त्वपूर्ण भूमिका खेलेको थियो। ती सम्झौताहरूलाई प्रायजसो पशुलाई मारेर कार्यान्वयन गरिन्थ्यो। यदि दुई समूहको बीचमा भएको सम्झौतालाई रद्द गरियो वा त्यसमा बाँधिएका वचनहरूलाई तोडियो भने के हुनेछ भनेर पशुलाई गरेको बलिबाट इँगित गरिन्थ्यो वा देखाइन्थ्यो।

“आदमदेखि येशूसम्म नै परमेश्वरले मानिसहरूसँग श्रृङ्खलावद्ध तरिकाले बिभिन्न करार वा सम्झौता गर्नुभएको थियो। त्यो सम्झौताको केन्द्रविन्दु आउनेवाला उद्धारकर्ता हुनुहुन्थ्यो जुन दाउदसँग गरिएको करारमा निर्णायक बिन्दुमा पुऱ्याइएको थियो उत्पत्ति १२:२,३ ,२ सामुयल ७:१२-१७ ,यशैया ११ बेबिलोनमा दासत्वको जीवन बिताइरहेका इस्रायलीहरूलाई परमेश्वरले अझ प्रभावकारी नयाँ करारको प्रतिज्ञा गर्नुभएको थियो (यर्मिया ३१:३१-३४)। त्यस प्रतिज्ञामा पनि दाउदकै घरानाबाट मसीह अर्थात् उद्धारकर्ताको आगमन हुनेछ भनिएको थियो )इजकियल ३६:२६-२८ , ३७:२२-२८।"- हान्स के लारोन्डेल ,आवर क्रियटर रीडिमर )बेरियन स्प्रिङ्गस् मीशिगन :आन्द्रु युनिभर्सिटी प्रेस ,२००५(, पृ. ४बाट रूपान्तरित।

**अदनको बगैंचामा पापको प्रवेश गर्नु भन्दा अघि परमेश्वरले आदमसँग करार बाँध्नुभएको थियो। त्यो प्रथम करारको आधार के थियो ?हेर्नुहोस् : उत्पत्ति १:२८ “परमेश्वरले आशिष् दिँदै यसो भन्नुभयो, "तिम्रा धेरै छोरा-**

**छोरीहरू होऊन् र तिम्रा सन्तानले सारा पृथ्वी भरून् र त्यसमाथि अधिकार गरून्। माछा, चरा-चुरुङ्गी र सबै जङ्गलका पशुहरू म तिम्रा हातमा दिँदै छु।", उत्पत्ति २:१-३ "१ यसरी आकाश, पृथ्वी र त्यहाँ भएका सबै कुराहरू बनिसकिए। 2र सातौं दिनसम्ममा परमेश्वरले आफूले गरेका सबै काम सिध्याउनुभयो र त्यो दिन विश्राम लिनुभयो। 3उहाँले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई एउटा विशेष दिन गरी अलग छुट्ट्याउनुभयो किनभने त्यस दिनसम्ममा उहाँले आफूले गरेका सृष्टिका काम सिध्याउनुभएर विश्राम गर्नुभएको थियो। "र उत्पत्ति २:१५-१७ "१५ तब परमप्रभु परमेश्वरले मानिसलाई अदनको बगैंचामा त्यसको गोड-गाड र हेरचाह गरोस् भनी राख्नुभयो। 16- 17उहाँले त्यसलाई भन्नुभयो, "असल र खराबको ज्ञान दिने रूखको फल छोडेर बगैंचाका अरू सबै रूखका फल तिमी खान सक्छौ। त्यस रूखको फल भने तिमीले नखानू, खायौ भने त्यही दिन तिमी मर्नेछौ।"**

सृष्टिमा गरिएको करारका प्रमुख भागहरूमा बिवाह ,शारीरिक परिश्रम र साबथ समावेश भएका थिए। तर करारमा समावेश भएक सबभन्दा प्रमुख निर्देशनमा निषेध गरिएको वा नखानु भनेको फल नखानु थियो। करारको मौलिक स्वभाव नै "अनुशासनमा वस "वा "आज्ञालाई शिरोपर गर र दिर्घायु होऊ "थियो। परमेश्वरको समन्वय वा तालमेलमा सृष्टि गरिएको प्रकृतिमा मानिसहरूबाट कुनै असम्भव कुराहरू गर्न परमेश्वरले अपेक्षा गर्नुभएको थिएन। मानिसहरूले स्वभाविक रूपमा परमेश्वरको आज्ञालाई पालन गर्न सकिन्थ्यो। तर आदम र हवाले अस्वभाविक कदम चाले। तिनीहरूले गरेको काममा सृष्टिमा गरिएको परमेश्वरसँगको सम्झौता तोडिदियो। सुरुमा मानवजातिमा पापको विषले बिषाक्त नभएको कारण परमेश्वरसँग गरिएको सम्झौतालाई पालन गर्नु असम्भव भएको थिएन। अनि जब आदम र हव्वाले परमेश्वरको करारलाई भङ्ग गरे ,उहाँ त्यत्तिक्कै हात बाँधेर बस्नुभएन। आदम र हव्वाको कारण बिग्रिएको सम्वन्धलाई पुनःस्थापना गर्न उहाँ फेरि अग्रसर हुनुभयो। यो उहाँले अनुग्रहको करारबाट गर्नुभयो जसले मुक्तिदाताको आगमनलाई औंल्याएको थियो। यो नै मानिससँग निरन्तररूपमा सम्वन्ध स्थापना गर्ने परमेश्वरको चाहनाको सुरुवात थियो )उत्पत्ति ३:१५(।

**बाइबलमा दिइएको सुसमाचारको प्रतिज्ञा उत्पत्ति ३:१४-१५मा पाइन्छ। येशूमा हुने आशा ती पदको कुन कुनामा लुकेको तपाँईले पाउनुभएको छ ?हेर्नुहोस्" :१४ तब परमप्रभु परमेश्वरले साँपलाई भन्नुभयो, "यसको लागि तैंले दण्ड पाउनेछस् र सबै पशुहरूमध्ये तैंले मात्र यो सराप पाउनेछस्। अबदेखि उसो पेटको बलले घस्रेर तँ हिँड्नेछस् र जीवनभरि माटो खानेछस्।**

**15म तँलाई र स्त्रीलाई आपसमा घृणा गर्न लाउनेछु, तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु र त्यसको सन्तानले तेरो टाउको कुच्च्याउनेछ र तैंले त्यसको सन्तानको कुर्कुच्चा डस्नेछस्।"**

## २. परमेश्वरले अब्राहमसँग गर्नुभएको करार वा सम्झौता

**परमेश्वरले अब्राहमसँग कस्तो खालका कारारहरू बाँध्नुभएको थियो ? त्यसको प्रत्युत्तरमा अब्राहमले के भने ?हेर्नुहोस् :उत्पत्ति १२:१-५ "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष्‌दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्‌को मूल हुनेछौ। ३ तिमीलाई आशिष्‌दिनेहरूलाई म आशिष्‌दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष्‌पाउनेछन्।" ४ यसैकारण परमप्रभुले भन्नुभए बमोजिम अब्राम गइहाले, र लोत पनि तिनीसँग गए। हारानबाट निस्केर जाँदा अब्राम पचहत्तर वर्षका थिए। ५ अब्राम, तिनकी पत्नी साराई र तिनका भतिजा लोत र तिनीहरूले जम्मा गरेका सबै धन-सम्पत्ति र हारानमा प्राप्त गरेका मानिसहरूलाई लिएर कनान देशमा जानलाई निस्के, अनि त्यहाँ पुगे।"**

पुरानो करार बाइबलमा उल्लेख गरिएका परमेश्वरका धेरै प्रतिज्ञाहरूमा उहाँले अब्राहमसँग गर्नुभएको प्रथम् कबुलहरू पनि अत्यन्त महत्त्वपूर्ण तथा उल्लेखनीय भएको पाउँछौं। उत्पत्ति १२:१-५का सबै पदहरूले परमेश्वरको अनुग्रहको बारेमा बताउँदछ। अब्रामसँग मित्रताको हात बढाउने पहिलो कदम परमेश्वरले चाल्नुभएको थियो ,तर अब्रामले अथक त्याग तपस्या गरेर परमेश्वरलाई खुशी पारेर उनको अग्रसरताबाट परमेश्वरले प्रतिज्ञा वा वाचाहरू उनलाई दिन वाध्य भएको होइन। परमेश्वरको निगाहा पाउन अब्रामले केहि गरेको थिएन ,न त पापी मानिस भएको हैसियतले परमेश्वरको महान् दृष्टिको योग्य नै थियो। परमेश्वर र अब्रामको बीचमा आपसी सहमति भएर उक्त प्रथम् सम्झौता कायम भएको थियो भनेर कहिँपनि उल्लेख गरिएको छैन। सबै कबूल वा वाचा वा प्रतिज्ञाहरू प्रथमत :परमेश्वर आफैले गर्नुभएको थियो। अनि परमेश्वरले गर्नुभएको बाचामा अब्रामद्वारा विश्वास गर्न आह्वान गरिएको थियो। त्यो कुनै कमजोर अन्ध विश्वासका धारणाले प्रेरित भएर विश्वास गरेको होइन। पचहत्तर वर्षको वृद्धाअवस्थामा आफ्ना पिताको घर , जायजेथा र आफन्तलाई छोडेर कहिल्यै पनि नदेखेको तर परमेश्वरले प्रतिज्ञा गर्नुभएको देशमा जाने विश्वास चानचुने विश्वास थिएन। )तर परमेश्वरको

निर्देशनमा आफ्ना गुठियारहरूलाई छोडेर आफ्ना श्रीमती र आफूसँग भएका सामानहरूलाई पोको पुन्तरो बाँधी चटक्क हिँडेका थिए(।

"परमप्रभुले अब्रामलाई भन्नुभयो ,"तिम्रो देश र तिम्रो कुटुम्व तथा तिम्रा बाबुको घरबाट निस्केर जाऊ। मैले देखाएको देशमा तिमी जाऊ। तिमीबाट मैले एक ठूलो जाति खडा गर्नेछु र तिमीलाई आशिष दिनेछु। मैले तिम्रो नाउँ प्रशिद्ध गराउनेछु। )सबैको निम्ति (तिमी नै आशिषको श्रोत हुनेछौं। जसले तिमीलाई आशिष दिन्छ त्यसलाई म आशिष दिनेछु। जसले तिमीलाई सराप्छ त्यसलाई मैले पनि सराप्नेछु। पृथ्वीका सारा जाति वा कुलले तिमीद्वारा नै आशिष पाउनेछ।" त्यस प्रतिज्ञामा सृष्टिकर्ताले मानव जातिलाई उद्धार गर्ने लक्ष्यको पुननविकरण गरिएको थियो। उहाँले आदम र हव्वालाई अदनको बगैंचामा आशिस दिनुभएको थियो (उत्पत्ति १:२८,५:२) र उहाँले जलप्रलयपछि नोहा र उनका छोराहरूलाई आशिष दिनुभएको थियो) उत्पत्ति ९:१)। यस प्रक्रियामा उद्धारकर्ता पठाउने अघिको प्रतिज्ञालाई परमेश्वरले स्पष्ट पार्नु भएको थियो। त्यस प्रतिज्ञामा परमेश्वरले मानव जातिलाई उद्धार गर्नुहुनेछ, पापको नाश गर्नुहुनेछ र गुमिएको रमणीय स्वर्गको पुनर्स्थापना गर्नुहुनेछ भनेर उल्लेख गरिएको छ (उत्पत्ति ३:१५)। जगत व्यापी रूपमा सारा मानिसहरूलाई आशिष दिने प्रतिज्ञालाई अब्राहमसँगको सम्झौतामा समावेश भएको थियो।" ***हान्स के. लारन्डेल, आवर क्रियटर रिडिमर ,पृ. २२ ,२३बाट रूपान्तरित।***

(परमेश्वरको बाचामा भर परेर अब्राम आफ्ना पिता तथा कुटुम्वहरूको घरबाट निस्केर गइहाले। र उनको साथमा उनको भतिजा लोत पनि गएको थियो। हारानमा बस्दा उनले आर्जन गरेका श्रीसम्पत्ति ,उनका आफ्ना मानिसहरू लिएर उनी निस्केका थिए। उनको श्रीमती सारा पनि उनको साथमा निस्केकी थिइन् (उत्पत्ति १२:१-५ रूपान्तरित)

**परमेश्वरले अब्रामलाई पुत्र दिन्छु भनेर कबुल गर्नुभएको थियो। उनले दश वर्षसम्म पर्खे। यी वर्षहरूमा परमेश्वरको प्रतिज्ञाप्रति अब्रामले के प्रश्नहरू मनमा उव्जाएका थिए ?हेर्नुहोस् :उत्पत्ति १५:१-६ " १ त्यसपछि दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, "अब्राम, तिमी नडराऊ। तिम्रो ढाल म नै हुँ, र तिम्रो इनाम अत्यन्त ठूलो हुनेछ।" २ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, तपाईंले मलाई के दिनुहुन्छ र? किनभने म सन्तानविहीन नै छु, मेरो घरको उत्तराधिकारी दमस्कसको एलीएजर हुनेछ।" ३ फेरि अब्रामले भने, "हेर्नुहोस्, तपाईंले मलाई सन्तान दिनुभएन, र मेरो घरमा जन्मेको दास नै मेरो उत्तराधिकारी हुनेछ।" ४ तब परमप्रभुको यो वचन फेरि तिनीकहाँ आयो, "यो मानिसचाहिँ तिम्रो उत्तराधिकारी हुनेछैन, तर जो तिम्रो आफ्नै छोरा हुन्छ त्यही नै**

**तिम्रो उत्तराधिकारी हुनेछ।" ५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" ६ अनि तिनले परमप्रभुमाथि विश्‍वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो।"**

इसाईहरूको सोचमा अब्राम विश्वासको धरोहर भनेर चिनिन्छ। हामी सोच्छौं उनले परमेश्‍वरमा कहिल्यै पनि शङ्का गरेनन् न त उहाँसँग उहाँको प्रतिज्ञाको बारेमा केहि सोधे। तर यथार्थमा बाइबलले उनको चित्रण भिन्नै प्रकारले गरेको पाउँछौं। परमेश्‍वरको वचनमा अब्रामले विश्‍वास त गरे तर कतिपयसमयमा उहाँसँग सोधपुछ पनि गरेका थिए। उनको विश्‍वास प्रगतिशील विश्‍वास थियो। जसरी येशूको कार्यकालमा एक जना बाबुले उहाँसँग अनुरोध गरेको थियो ,"म विश्‍वास गर्छु !मेरो अविश्‍वासप्रति विजय प्राप्त गर्न मलाई सहायता गर्नुहोस्।) "मर्कूस ९:२४ (त्यसरी नै केहि हदमा उत्पत्ति १५:७मा अब्रामले परमेश्‍वरसँग अनुरोध गरेका थिए। तर शब्दहरूको प्रयोगचाहिँ केहि फरक थियो। अब्रामको जिज्ञासालाई मेट्दै परमेश्‍वरले मायालुपूर्वक भन्नुभएको थियो कि उहाँको प्रतिज्ञा निश्चय थियो। औपचारिक रूपमा परमेश्‍वरले अब्रामसँग करार बाँधेर आफ्नो प्रतिवद्धता देखाउनु भएको थियो )उत्पत्ति १५:७-१८(। आफ्नो प्रतिज्ञालाई मानिसको सामु प्रस्तुत गर्न परमेश्‍वर आफै उसको स्तरमा आउन राजी हुनुभएको थियो भनेर ती पदहरूले अचम्म तरिकाले देखाएको छ। अब्रामको समयमा कुनै पनि विद्रोही सेवकहरूको स्तरमा ओर्लेर मध्यपूर्वका शासकहरूले नीतिगत सम्झौता वा प्रतिज्ञा गरेको पाइँदैन। तर परमेश्‍वरले आफ्नो वचनवद्धतालाई साकार प्रदान गर्न पशुहरूलाई मारेर टुक्रा टुक्रा गराउन लगाएर त्यसलाई प्रतीकको रूपमा प्रयोग गर्नुभएको थियो। उहाँले आफ्नो प्रतिज्ञालाई पूरा गर्न आफ्नै ज्यानलाई जोखिममा पार्नुभएको थियो। येशूलाई आफ्नो जीवन क्रुसमा टाँग्न लगाएर परमेश्‍वरको प्रतिज्ञाको यथार्थतताको प्रदर्शन गर्नुभएको थियो।

**तपाईं पनि परमेश्‍वरको प्रतिज्ञाप्रति संघर्ष गरिरहनुभएको होला। तपाईंको जीवनमा कतिपय समयमा असम्भव कुराहरूलाई विश्‍वासद्वारा सम्हाल्नु परेको होला। त्यो समयको याद के तपाईंलाई आउँछ ?जे भएतापनि वा जुनसुकै परिस्थितिको सामना गर्नुपरेतापनि परमेश्‍वरको वचनमा अडिग भएर बस्न तपाँईले कसरी सिक्नुहुन्छ ?**

## ३. अब्राम ,सारा ,र दासी हगार

**उत्पत्ति १६मा उल्लेखित हगारको बृतान्तमा पावलको धारणा फरक छ भनेर किन गलाती ४:२१-३१मा उल्लेख गरिएको छ ?पुरानो करारको**

कथालाई प्रयोग गरेर मुक्तिको विषयमा कुन महत्त्वपूर्ण बिषयलाई पावलले औंल्याइरहेको पाइन्छ? हेर्नुहोस् दुवै अंशः उत्पत्ति १६ "१ आफ्नी पत्नी साराईबाट अब्रामको कोही सन्तान भएको थिएन। तर हागार नाउँ भएकी तिनकी एक मिश्री कमारी थिई। २ साराईले अब्रामलाई भनिन्, "हेर्नुहोस्, परमप्रभुले मेरो कोख बन्द गरिदिनुभएको छ। यसकारण मेरी कमारीकहाँ जानुहोस्। शायद त्यसबाट मेरो निम्ति सन्तान हुन सक्छ।"

अब्रामले साराईको कुरा माने। ३ अब्राम कनानमा बसेका दश वर्षपछि तिनकी पत्नी साराईले आफ्नी कमारी मिश्री हागारलाई आफ्ना पति अब्रामलाई तिनकी पत्नी हुनलाई दिइन्। ४ अनि तिनी हागारकहाँ गए, र त्यो गर्भवती भई। जब त्यसले "म गर्भवती भएछु" भनी थाहा पाई, तब त्यसले आफ्नी मालिक्नीलाई तुच्छ दृष्टिले हेर्न लागी। ५ साराईले अब्रामलाई भनिन्, "ममाथिको अन्याय तपाईंकै शिरमाथि परोस्। मैले आफ्नी कमारी तपाईंकै काखमा दिएँ, र त्यो गर्भवती हुने बित्तिकै मलाई तुच्छ दृष्टिले हेर्न लागी। परमप्रभुले तपाईं र मेरो बीचमा इन्साफ गरिदिऊन्।" ६ तर अब्रामले साराईलाई भने, "हेर, तिम्री कमारी तिम्रै हातमा छे। त्यसलाई जे गर्न मन लाग्छ त्यही गर।" तब साराईले त्यससित कठोर व्यवहार गर्न लागिन्, र त्यो तिनको सामुन्नेबाट भागेर गई। ७ परमप्रभुका दूतले त्यसलाई उजाड़-स्थानमा शूरतिर जाने बाटोकै पानीको मूलनेर भेट्टाए। ८ र तिनले सोधे, "ए साराईकी दासी हागार, कहाँबाट आयौ र कता जाँदैछौ?" त्यसले भनी, "मेरी मालिक्नी साराईको सामुन्नेबाट भाग्दैछु।" ९ परमप्रभुका दूतले त्यसलाई भने, "तिम्री मालिक्नीकहाँ फर्केर जाऊ, र तिनकै अधीनमा बस्।" १० परमप्रभुका दूतले फेरि त्यसलाई भने, "म तिम्रो वंशलाई यति औधी बढ़ाउनेछु कि त्यो धेरै भएकोले गन्न सकिनेछैन।" ११ परमप्रभुका दूतले त्यसलाई भने, "तिमी गर्भवती छौ, र तिमीले एउटा छोरो जन्माउनेछौ। तिमीले त्यसको नाउँ इश्माएल राख्नू, किनभने परमप्रभुले तिम्रो दुःख हेर्नुभएको छ। १२ मानिसहरूमा त्यो जङ्गली गधाजस्तै हुनेछ। त्यसको हात सबैका विरुद्धमा उठ्नेछ, र सबैका हात त्यसको विरुद्धमा उठ्नेछन्। आफ्ना सबै नातेदारहरूकै शत्रुतामा त्यो बसोबास गर्नेछ।" १३ हागारले आफूसित कुरा गर्नुहुने परमप्रभुलाई यस्तो नाउँ दिई, "मलाई देख्नुहुने परमेश्वर तपाईं हुनुहुन्छ।" किनभने त्यसले भनी, "मैले साँच्ची नै परमेश्वरलाई देखेकी छु, र उहाँलाई देखेर पनि म जीवितै छु।" १४ यसकारण त्यस पँधेरोको नाउँ बेअर-लहै-रोइ राखियो। कादेश र बेरेदको बीचमा त्यो पर्छ। १५ अनि हागारले अब्रामको एउटा छोरो जन्माई। हागारले जन्माएको आफ्नो छोराको नाउँ अब्रामले इश्माएल राखे। १६ हागारले

अब्रामको निम्ति इश्माएल जन्माउँदा अब्राम छयासी वर्ष पुगेका थिए।" र गलाती ४:२१-३१ "२१ तिमीहरू व्यवस्थाको अधीनमा रहन चाहनेहरूले मलाई भन, व्यवस्थाले के भन्छ के तिमीहरूलाई थाहा छैन? २२ किनभने लेखिएको छ, अब्राहामका दुई छोराहरू थिए, कमारीतर्फबाट एक, अर्कोचाहिँ स्वतन्त्र स्त्रीबाट। २३ कमारीको छोरोचाहिँ शरीरअनुसार जन्मेको थियो, तर स्वतन्त्र स्त्रीबाट जन्मेको छोरो प्रतिज्ञाद्वारा। २४ यो कुरालाई रूपकदृष्टान्तको रूपमा लिन सकिन्छ। ती स्त्रीहरू दुई किसिमका करारहरू हुन्। एउटीचाहिँ सीनै पर्वतबाट दासत्वको लागि सन्तान जन्माउने हागार हो। २५ हागार अरब देशको सीनै पर्वत हो, र वर्तमान यरूशलेमसँग त्यसको तुलना गर्न सकिन्छ। किनकि त्यो आफ्ना बालकहरूका साथ दासत्वमा छ। २६ तर माथिको यरूशलेम स्वतन्त्र छ, जो हाम्री आमा हुन्। २७ किनभने लेखिएको छ, "हे नजन्माउने बाँझी, आनन्द गर, हे प्रसवपीडा थाहा नपाउने, मन खोलेर कराऊ, किनभने पति भएकी स्त्रीभन्दा त्यागिएकी स्त्रीका छोरा-छोरी धेरै छन्।" २८ अब हे भाइ हो, इसहाकजस्तै हामी पनि प्रतिज्ञाका सन्तान हौं। २९ तर त्यस बेला जसरी शरीरअनुसार जन्मेकोले आत्माअनुसार जन्मेकोलाई सताउँदथ्यो, अहिले पनि त्यस्तै छ। ३० तर धर्मशास्त्रले के भन्दछ? "कमारी र त्यसको छोरालाई निकालिदेऊ, किनभने दासी-पुत्र स्वतन्त्र स्त्रीको छोरासँग उत्तराधिकारी हुनेछैन।" ३१ यसकारण भाइ हो, हामी कमारीका होइनौं, तर स्वतन्त्र स्त्रीका सन्तान हौं।"

परमेश्वरले गर्नुभएको प्रतिज्ञाप्रति अब्रामले असफल विश्वास जनाएका थिए भन्ने प्रमाण उत्पत्तिमा उल्लेखित हगारको बृतान्तले देखाउँदछ। )यस उपकथामा परमेश्वरले सरासर हस्तक्षेप नगरेको कारणले मानिसलाई उहाँप्रति शङ्का गर्ने अधिकार दिइएको छ भन्ने बिचार यस अनुवादकको छ(। फारो राजाले सारालाई आफ्नो बनाउन चाहने क्रममा अब्रामलाई धेरै उपहारहरू दिएका थिए। ती उपहारमा इजिप्टको हगार पनि साराको बदलिमा दासीको रूपमा उनलाई सहयोग गर्न दिइएको हुनुपर्दछ। आफ्नो ज्यान जोगाउन आफ्नी श्रीमती सारालाई बहिनी भन्न लगाएर झुट त थिएन ,किनभने सारा अब्रामको सानीमाकी छोरी थिइन् (आफू बच्न खोजेका थिए। यो नै अब्रामलाई रक्षा गर्छु र साराकै कोखबाट सन्तान हुनेछ भन्ने परमेश्वरको प्रतिज्ञाप्रति शसङ्कित भएको प्रथम उदाहरण थियो )उत्पत्ति १२:११-१६(।

कबुल गरिएको बालक जन्मला भनेर अब्राम र साराले दश वर्षसम्म कुरेका थिए। तर सारा बाँझी नै भइरहि। साराले भन्ठानी परमेश्वरलाई उनीहरूको सहयोग चाहिन्छ। त्यसकारण त्यस ताकाका प्रचलित चलन अनुसार हगारलाई साराले अब्रामको रखौटी हुन उनलाई सुम्पे। अहिलेको

चलनमा प्रायजसो यो चलन अनौठो हुनसक्छ। तर बाइबलको समयमा महिला दासी आफ्नी बाँझी मालिक्नीको निम्ति बच्चा जन्माएर उनैलाई सुम्पने चलन थियो। बालक नहुर्कुनसम्म वैकल्पिक आमाको भूमिका दासीले खेल्थी। (आजको समयमा पनि टेस्टयुब बेबी वा कसैको निम्ति कुनै महिलाले पुरुषको बीऊलाई वैज्ञानिक प्रविधीबाट कोखमा रोप्न लगाउन दिएर बच्चा जन्माउँछिन् र त्यो बालकलाई जन्माएको आमा केवल वैकल्पिक आमा (वा सोरगेट मदर –surrogate mother) हुन पुगेको समाचारमा पाइन्छ -अनुवादकको टिप्पण)। यसरी आफ्नी दासीको कोखबाट जन्मेको आफ्नो पति अब्रामको कुनै पनि बालकलाई साराले आफ्नै भनेर दावी गर्ने कानूनी अधिकारलाई उनले प्रयोग गरेकी थिइन्। साराको योजना अनुसार हगारले अब्रामबाट छोरो त पाइन्। तर परमेश्वरको योजना अनुसार त्यो बालक प्रतिज्ञा गरिएको बालक थिएन।

अब्राम जस्तो परमेश्वरको महान् व्यक्ति पनि विश्वासमा कठोर परिस्थितिमा कसरी धलमलिन सक्छ भन्ने प्रभावकारी उदाहरण सारा र हागारको कथाको प्रकरणले खुलारूपमा बताउँदछ। अब्रामले परमेश्वरसँग हगारबाट पाएको छोरो इश्मायललाई नै त्यस प्रतिज्ञाको छोरो बनाउनुहोस् भनेर विन्ति गरेका थिए ।उत्पत्ति १७:१८,१९। तर अब्राम र हगारको योजना मुताविक जन्मिएको छोरोलाई कबुल गरिएको सन्तान भनेर परमेश्वरले ग्रहण गर्न अस्वीकार गर्नुभयो। यसमा केवल एउटै अचम्मको कुरो त यो भयो , इश्मायललाई जन्माउन साराले आफ्नो श्रीमानलाई अर्की स्त्रीलाई सुताउन दिन राजी भइन् !प्रचलित चलन अनुसार यो कुनै असाधारण प्रक्रिया थिएन। आखिरमा त्यो बालक इश्मायल पनि अब्रामकै शरीरको एक अङ्ग थियो। तर यदि अब्रामले परमेश्वरमाथि पूरो भरोसा राखेर उहाँले कोर्नुभएको नक्सामा आफूलाई समावेस गरेर चलेको भए वैकल्पिक आमाबाट पाएको वैकल्पिक बालक जन्मिने थिएन। यदि परमेश्वरकै चाहाना अनुसार चलेको भए अब्राम र साराको घरमा गृहयुद्ध हुने थिएन। दुवैको सम्वन्धमा त्यस घट्नाले पिडा निम्त्याइएको थियो।

**इश्मायलको जन्म भन्दा इसाहाकको जन्म फरक तरिकाले भएको थियो। देहायका पदहरूमा अब्राहम र साराको विश्वास आफूले अपेक्षा नगरेको परिस्थितिमा पनि बलियो हुनुपर्छ भनेर कसरी देखाउँछन्? हेर्नुहोस्: उत्पत्ति १७:१५-१९ "१५ फेरि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तिम्रो पत्नी साराईलाई चाहिँ अबदेखि साराई नाउँले नबोलाउनू, तर त्यसको नाउँ सारा हुनेछ। १६ म त्यसलाई आशिष्‌दिनेछु, र निश्चय नै त्यसबाट म तिमीलाई एउटा छोरो दिनेछु। म त्यसलाई आशिष्‌दिनेछु, र त्यो धेरै जातिहरूकी आमा हुनेछे। जाति-जातिहरूका राजाहरू त्यसबाट उत्पन्न हुनेछन्।" १७ तब**

अब्राहाम घोप्टो परी मनमनै हाँसेर भने, "के सय वर्ष पुगिसकेकोलाई सन्तान होला? नब्बे वर्ष पुगेकी साराले बालक जन्माउलिन्?" १८ अनि अब्राहामले परमेश्वरलाई भने, "इश्माएल नै तपाईंको आशिष्मा बाँचिरहे त हुन्छ।" १९ तब परमेश्वरले भन्नुभयो, "हो, तर तिम्रो पत्नी साराले नै तिम्रो लागि एउटा छोरा जन्माउनेछे, र तिमीले त्यसको नाउँ इसहाक राख्नेछौ। म त्यससित र त्यसपछि हुने त्यसका सन्तानसित आफ्नो करार स्थापित गर्नेछु।", उत्पत्ति १८:१०-१५ "१० तब परमप्रभुले भन्नुभयो, "आउँदो साल यही समयमा म निश्चय नै तिमीकहाँ फर्किआउनेछु, र हेर्, तिम्री पत्नी साराले एउटा छोरो जन्माएकी हुन्छे।" साराले चाहिँ यो कुरो पालको ढोकाबाट उहाँको पछिल्तिर सुनिरहेकी थिइन्। ११ अब्राहाम र सारा वृद्ध थिए र तिनीहरूको उमेर धेरै ढल्किसकेको थियो। साराको रजस्वला पनि बन्द भइसकेको थियो। १२ यसकारण सारा मनमनै यसो भन्दै हाँसिन्, "म वृद्ध भइसकेकी छु, र मेरा पति पनि वृद्ध भइसक्नुभएको छ, र के मलाई यो सुख हुन्छ र?" १३ तब परमप्रभुले अब्राहामलाई भन्नुभयो, " 'बूढ़ी भएर पनि मैले छोराछोरी पाउने' भनेर सारा किन हाँसी? १४ परमप्रभुको निम्ति कुनै कुरो कठिन छ र? आउँदो साल तोकिएकै समयमा म तिमीकहाँ फर्किआउनेछु, र साराको एउटा छोरा हुनेछ।" १५ तर साराले यसो भन्दै इन्कार गरिन्, "म हाँस्दै हाँसिनँ।" किनभने तिनी डराइन्। तर उहाँले भन्नुभयो, "तिमी हाँसेकै हौ।" *र हिब्रू ११:११,१२* "११ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। १२ यसैकारण मरेतुल्य शरीर भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए।

परमेश्वरमाथि विश्वासको कमीले गर्दा तपाईं पनि के केहि पिडामा पर्नुभएको थियो ?जे भएतापनि ती भुलहरूले गर्दा परमेश्वरको प्रतिज्ञालाई आत्मसात् गर्नुपर्छ भन्ने पाठ के तपाईंले सिक्नुभएको छ ?परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास गर्न ,त्यसको भरोसामा रहिरन र त्यसबाट बल पाउन तपाईंको सामु कस्ता विकल्पहरू खडा भइरहेको पाउनुभएकोछ?

## ४. हागार र सीनैको पहाड (गलाती ४:२१-३१)

देहायका पदहरू पढ्नुहोस् र सोच्नुहोस् परमेश्वरले सीनै पहाडमा आफ्ना जनहरूसँग कस्तो खालको करार बाँधी उनीहरूसँग सम्वन्ध राख्न चाहनुभएको थियो ?परमेश्वरले अब्राहमसँग गर्नुभएको प्रतिज्ञासँग त्यो कसरी मेल खान्छ? प्रस्थान ६:२-८ "२ अनि परमेश्वरले मोशालाई भन्नुभयो, "म परमप्रभु हुँ। ३ अब्राहाम, इसहाक र याकूबकहाँ म सर्वशक्तिमान्परमेश्वरको रूपमा देखा परें, तर

"परमप्रभु" भन्ने मेरो नाउँले त तिनीहरूकहाँ प्रकट भइनँ। ४ तिनीहरू प्रवास गरेको देश, अर्थात्‌कनान देश तिनीहरूलाई दिने मेरो करार मैले तिनीहरूसित बाँधेको छु। ५ यसबाहेक मिश्रीहरूले दासत्वमा राखेका इस्राएलीहरूका कष्टको सुस्केरा मैले सुनेको छु, र मलाई मेरो करारको सम्झना भएको छ। ६ "यसकारण इस्राएलीहरूलाई भन्, 'म परमप्रभु हुँ। म तिमीहरूलाई मिश्रीहरूका बोझामुनिबाट निकाल्नेछु, र तिनीहरूको दासत्वबाट छुटकारा दिनेछु। आफ्नो हात उठाएर तिनीहरूलाई भारी दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु। ७ म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्‍वर हुनेछु। अनि म तिमीहरूका परमप्रभु परमेश्‍वर हुँ, जसले तिमीहरूलाई मिश्रीहरूको दासत्वबाट निकाल्नुभयो भन्ने कुरा तिमीहरूले जान्नेछौ। ८ अनि म तिमीहरूलाई त्यस देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक र याकूबलाई दिने मैले शपथ खाएर प्रतिज्ञा गरेको थिएँ। म त्यो तिमीहरूको अधिकारमा दिनेछु। म परमप्रभु हुँ।" प्रस्थान १९:३-६ "३ तब मोशा परमेश्‍वरकहाँ गए र परमप्रभुले तिनलाई पर्वतबाट भन्नुभयो, "याकूबका घराना र इस्राएलीहरूलाई तिमीले यसो भन्नू: ४ 'मैले मिश्रीहरूलाई के गरें, र तिमीहरूलाई कसरी गरुडका पखेटामा झैं बोकेर मकहाँ ल्याएँ, सो तिमीहरूले देखेका छौ। ५ अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, समस्त जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि ६ तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।" र व्यवस्था ३२:१०-१२ "१० उहाँले तिनलाई निर्जन स्थानमा भेट्टाउनुभयो, गर्जने आवाजले भरिएको उजाड़ ठाउँमा। उहाँले तिनलाई जोगाउनुभयो र तिनको वास्ता गर्नुभयो, उहाँले तिनलाई आफ्नो आँखाको नानीझैं रक्षा गर्नुभयो– ११ गुँड़लाई हल्लाएर आफ्ना बचेराहरूमाथि हावामा उड़िरहने, पखेटा फैलाई बचेराहरूलाई थाम्ने, र आफ्ना प्वाँखमाथि ती बोक्ने गरुडले झैं। १२ परमप्रभु एक्लैले तिनलाई अगुवाइ गर्नुभयो, उहाँसँग विदेशी देवता थिएन।"

जुन करार अब्राहमसँग बाँधी उनीसँग सम्वन्ध जारी राख्न परमेश्‍वरले चाहनुभएको थियो त्यहि खालको सम्वन्ध उहाँले इस्रायलीहरूसँग पनि राख्न चाहनुभएको थियो। साँच्चै भनौं भने जुन शब्दहरू उत्पत्ति १२:१–३मा परमेश्‍वरले अब्राहमको निम्ति प्रयोग गर्नुभएको थियो ,झण्डै त्यहि शब्दहरू प्रस्थान १९मा मोशासँग उहाँले प्रयोग गर्नुभएको थियो। दुवै घट्नामा आफ्ना जनको निम्ति उहाँले के गर्नुहुनेछ भनेर परमेश्‍वरले देखाउनुभएको थियो। उहाँको आशिषको उपभोग गर्न इस्रायलीहरूबाट कुनै प्रतिज्ञाको माग गर्नुभएको थिएन। बरू परमेश्‍वरले तिनीहरूलाई दिनुभएको आशिषको प्रत्युत्तरमा केवल

**उहाँका कुराहरू सुनेर पालन गर्नुमात्र थियो। हिब्रू भाषाको अनुवादमा प्रस्थान १९:५मा भनिएको “आज्ञा पालन गर्नु "वा “आज्ञालाई शिरोपर गरेर हिंड्नु "भन्ने शब्दको अर्थ “सुन्नु "हो )जसरी नेपाली अनुवादमा छ(। मानिसहरूको धर्मकर्म वा कामबाट धर्मी ठहरिन्छ भनेर त्यस पदले भन्न खोजेको छैन। परमेश्वरले प्रतिज्ञा गर्दा जुन विश्वास अब्राहमले देखाएका थिए त्यहि विश्वास इस्रायलीहरूबाट पनि उहाँले अपेक्षा गर्नुभएको थियो )कहिलेकाहिँ उनी चुकेपनि परमेश्वरको प्रतिज्ञाप्रति सजग हुन उनी पछि परेका थिएनन्(।**

यदि परमेश्वरले इस्रायलीहरूसँग बाँध्नुभएको करार अब्राहमसँग बाँधिएको करारसँग मिल्दोजुल्दो छ भने पावलले त्यस सीनै पहाडको अनुभवलाई हागारसँग किन नकारात्मक रूपमा प्रस्तुत गर्दछन्? हेर्नुहोस्: प्रस्थान १९:१-२५ "१ इस्राएलीहरू मिश्रबाट निक्लेका तीन महिना भएपछि– त्यही दिनमा तिनीहरू सीनैको उजाड़-स्थानमा आइपुगे। २ जब तिनीहरू रपीदीमबाट हिंड़ेर सीनैको उजाड़-स्थानमा आए, त्यही पर्वतकै सामुन्ने इस्राएलीहरूले छाउनी बनाए। ३ तब मोशा परमेश्वरकहाँ गए र परमप्रभुले तिनलाई पर्वतबाट भन्नुभयो, “याकूबका घराना र इस्राएलीहरूलाई तिमीले यसो भन्नू: ४ ‘मैले मिश्रीहरूलाई के गरें, र तिमीहरूलाई कसरी गरुडका पखेटामा झैं बोकेर मकहाँ ल्याएँ, सो तिमीहरूले देखेका छौ। ५ अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, समस्त जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि ६ तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ’। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।” ७ अनि मोशा तल आए, र मानिसहरूका धर्म-गुरुहरूलाई बोलाउन पठाए, र परमप्रभुले तिनलाई बोल्नू भनी आज्ञा गर्नुभएका यी सबै कुराहरू तिनीहरूका सामु राखिदिए। ८ सारा मानिसहरूले एकसाथ यसो भने, “परमप्रभुले भन्नुभएका सबै कुराहरू हामी पालन गर्नेछौं।” तब मोशाले मानिसहरूको जवाफ परमप्रभुलाई सुनाइदिए। ९ परमप्रभुले मोशालाई भन्नुभयो, “हेर्, म तिमीसित कुरा गर्दा मानिसहरूले सुनून्र तिमीलाई सधैं विश्वास पनि गरून्भनेर म तिमीकहाँ बाक्लो बादलमा आउनेछु।” तब मोशाले मानिसहरूले भनेका कुरा परमप्रभुलाई सुनाए। १० अनि परमप्रभुले मोशालाई भन्नुभयो, “मानिसहरूकहाँ गएर तिनीहरूलाई आज र भोलि शुद्ध गर्। तिनीहरूले आफ्नाआफ्ना लुगा धोऊन्, ११ र तेस्रो दिनको निम्ति तिनीहरू तयार रहून्, किनकि तेस्रो दिन सीनै पर्वतमा सबै मानिसहरूका आँखाकै सामुन्ने परमप्रभु आउनुहुनेछ। १२ तिमीले चाहिँ मानिसहरूका निम्ति चारैतिर यसो भनेर बार लगाउनू, ‘होशियार बस, तिमीहरू पर्वतमाथि नजानू, र त्यसका सिमाना पनि नछुनू। जसले पर्वत छुन्छ त्यो निश्चय नै मारिनेछ।

१३ कसैले पनि त्यसलाई नछुनू, तर ढुङ्गाले वा काँड़ले हानेर त्यसलाई मार्नू।
पशु होस्अथवा मानिस, त्यो जीवित रहनेछैन'। तुरही लामो गरी बज्दा
तिनीहरू पर्वतसम्म आऊन्।" १४ मोशा पर्वतबाट तल मानिसहरूकहाँ उत्रेर
आएपछि, तिनले मानिसहरूलाई शुद्ध गरे, र तिनीहरूले आफ्ना-आफ्ना लुगा
धोए। १५ तब तिनले मानिसहरूलाई भने, "तेस्रो दिनको निम्ति तयार होओ।
यौनक्रिया नगर।" १६ तेस्रो दिन जब बिहान भयो तब पर्वतमा गड्याङगुडुरुङ
भयो र बिजुली चम्क्यो र बाक्लो बादल पर्वतमा उठ्यो र तुरहीको अति चर्को
आवाज सुनियो। छाउनीमा भएका सबै जनहरू थरथर कामे। १७ तब
मोशाले मानिसहरूलाई छाउनीबाट परमेश्वरसँग भेट गर्न ल्याए। तिनीहरूचाहिँ
पर्वतको फेदीमा खड़ा भए। १८ परमप्रभु आगोमा ओर्लेर त्यहाँ आउनुभएको
कारणले सीनै पर्वत बिलकुलै धूवैंधूवाँले भरियो। पर्वतबाट धूवाँ भट्टीबाट झैं
निस्क्यो र सारा पर्वत जोरसित काँप्न लाग्यो, १९ र तुरहीको आवाज अझ
चर्को गरी बज्न लाग्यो। तब मोशा बोल्न लागे, र परमेश्वरले मेघ गर्जनमा
तिनलाई जवाफ दिनुभयो। २० अनि परमप्रभु सीनै पर्वतको टाकुरामा ओर्लेर
आउनुभयो, र परमप्रभुले मोशालाई पर्वतको टाकुरामा बोलाउनुभयो, र मोशा
माथि उक्लेर गए। २१ तब परमप्रभुले मोशालाई भन्नुभयो, "तल गएर
मानिसहरूलाई सावधान गर, नत्रता तिनीहरू परमप्रभुलाई हेर्न बार नाघेर माथि
आउलान्र तिनीहरूमध्ये धेरै नष्ट होलान्। २२ परमप्रभुको नजिक आउन
पूजाहारीले पनि आफैलाई शुद्ध गरून्, नत्रता परमप्रभुले तिनीहरूलाई तत्कालै
नाश गर्नुहुन्छ।" २३ मोशाले परमप्रभुलाई भने, "मानिसहरू सीनै पर्वतमा
उक्लेर आउन सक्दैनन्, किनकि तपाईंले हामीलाई 'पर्वतको वरिपरि बार
लगाएर पवित्र भनी अलग गर,' भनी आज्ञा दिनुभएको थियो।" २४ अनि
परमप्रभुले तिनलाई भन्नुभयो, "जा, तिमी आफै तल जाऊ, र हारूनको साथमा
माथि उक्लेर आइऊ। तर पूजाहारीहरू र मानिसहरूचाहिँ परमप्रभुकहाँ बार
नाघेर उक्ली नआऊन्, नत्रता उहाँले तिनीहरूलाई तत्कालै नाश गर्नुहुनेछ।"
२५ यसैले मोशा तल मानिसहरूकहाँ ओर्लेर गए, र तिनीहरूलाई यी कुरा
बताइदिए।" र हिब्रू ८:१-१३ "मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले
तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ। परमप्रभु
भन्नुहुन्छ, तिनीहरू मेरो करारमा स्थिर भई बसेनन्, यसैले मैले तिनीहरूको
वास्ता गरिनँ। परमप्रभु भन्नुहुन्छ, ती दिनपछि म इस्राएलको घरानासँग यो
करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका
हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा
प्रजा हुनेछन्। 'परमप्रभुलाई चिन' भनेर अब उसो कुनै मानिसले आफ्नो
छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन। किनकि सानादेखि लिएर

ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन्। किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ।" यस करारलाई "नयाँ" भन्नुभएकोले नै पहिलालाई उहाँले पुरानो तुल्याउनुभयो। र जुनचाहिँ पुरानो भएर थोत्रो हुँदैजान्छ, त्यो लोप भएर जानेछ।"

मानव जातको पाप र परमेश्वरको प्रसस्त अनुग्रहबाट त्यस पाप हटाउने कुरालाई सीनैको पहाडमा गरिएको करारले औँल्याएको थियो। पवित्र वासस्थानमा गरिएको सेवाकामहरूले परमेश्वरको त्यस अनुग्रहलाई देखाइएको थियो। सीनै पहाडमा परमेश्वरले बाँध्नुभएको बाचाको समस्या उहाँबाट आएको थिएन। तर मानिसहरूले मञ्जुर गरेका त्रुटिपूर्ण प्रतिज्ञाहरूमा समस्या थियो )हिब्रू ८:६(। विश्वासमा नम्र भएर परमेश्वरले गर्नुभएको कबुलहरूलाई स्वीकार गर्नुको सट्टा इस्रायलीहरूले आत्मभरोसा राखेर प्रत्युत्तर दिए ,— परमेश्वरले भन्नुभएको सबै कुराहरूको पालना हामी गर्नेछौं।')प्रस्थान १९:८ रूपान्तरित(। चारसय वर्ष भन्दा बेसी मीश्र देशमा दासत्वको जीवन बिताएका इस्राएलीहरूले परमेश्वरको शक्ति र तिनीहरूको पाप कतिको भयङ्कर थियो भनेर राम्रोसँग बुझेका थिएनन्। जसरी अब्राहम र साराले परमेश्वरको प्रतिज्ञालाई पूरा गराउन उहाँलाई सहायता गर्न खोजेका थिए ,त्यसरी नै परमेश्वरको अनुग्रहको करारलाई काम अर्थात् धर्मकर्मद्वारा ती इस्रायलीहरूले पूरा गराउन खोजेका थिए। दुबै हागार र सीनैमा मानिसहरूले गरेको प्रतिज्ञाले आफ्नै कामक्रिया वा धर्मकर्मद्वारा मुक्तिलाई कमाउन मानिसहरूले गरेको प्रयासलाई देखाउँदछ।

जुन व्यवस्था सीनै पहाडमा दिइयो त्यो व्यवस्था खराब वा हटाइयो भनेर पावलले दावी गरिरहेको छैन। गलातीहरूले व्यवस्थाको बारेमा गलत वाख्या गरेकोमा पावलको चिन्ता थियो। येशू ख्रीष्ट बिना व्यवस्था पालन गर्न असम्भव छ भनेर तिनीहरूले थाहा पाओस् भनेर पावलले चाहेका थिए। "आफ्नै अथक प्रयास, धर्मकर्म र आफ्नै स्रोतद्वारा परमेश्वरलाई खुशी पार्न मानिसहरू कस्सिएका थिए। त्यस प्रक्रियाद्वारा परमेश्वरलाई संतुष्ट पार्न असम्भव छ भनेर तिनीहरूले थाहा पाउनुपर्थ्यो। त्यसकारण अनुग्रहलाई औँल्याइ त्यसले ख्रीष्टतिर लैजाने लक्ष्य बोकेको व्यवस्थाले यहूदीहरूलाई छुन सकेन। अनुग्रहमा केन्द्रिभूत व्यवस्थाको लक्ष्यलाई वेवास्ता गर्दा यहूदीहरू ख्रीष्टको नजिक हुनबाट बँचित भए।"-ओ. पालमर रबर्टसन ,*द क्राइस्ट अभ द कभनेन्टस्)* फिलिपस्वर्ग ,न्यु जर्सी :प्रेसबटेरियन एण्ड रीफोर्मड पब्लिशिङ्ग कम्पनी ,१९८०(, पृ. १८१बाट रूपान्तरित।

## ५. आजको सन्दर्भमा इश्मायल र इसाहाक

आफ्ना विरोधीहरूको तर्कलाई प्रतिवाद गर्न पावलले केहि हरफहरूमा इस्रायलको इतिहास प्रस्तुत गरेका थिए। इसाई नै भएतापनि यहूदी भएका कारणले उनका बैरीहरूले आफूमात्र अब्राहमका सत्य सन्तान हौं भनेर दावी गरेका थिए। यहूदी इसाईको केन्द्र येरुशलेम र व्वस्था उनीहरूको आमा हो भनेर तिनीहरूले दावी गरेका थिए। गैर-यहूदी तथा अन्य जातिहरू अब्राहमको सत्य सन्तान हुन सक्दैन, तिनीहरू अवैध तरिकाले भित्र्याइएका सन्तानहरू वा कुजात हुन् भनेर ती इसाई भनाउँदा यहूदीहरूले तिनीहरूलाई ठाडो अस्वीकार गरेका थिए। यदि गैर-यहूदीहरू येशूको पक्का अनुयायी हुनचाहे पहिला तिनीहरू अब्राहमका छोरा हुनुपर्दछ र त्यो हुन खतनाको बिधिलाई पालन गर्नुपर्छ भनेर तिनीहरूले जोड दिएका थिए।

यो गलत हो भनेर पावलले दावी गर्दछन्। विश्वासलाई भन्दा पनि रितिरिवाज वा संस्कारलाई प्राथमिकता दिने मानिसहरू अब्राहमका पक्का सन्तान होइनन् बरू इश्मायल जस्ता अवैध छोरा हुन् भनेर पावलले तिनीहरूलाई चुनौति दिन्छन् । खतनामा विश्वास राख्दा तिनीहरू "शारीरिक " तत्वमा भर परेको तिनीहरूले देखाएका थिए। जुन रूपले साराले हागारको छोरामाथि भरोसा राखेका थिए त्यसरी नै सीनै पहाडमा दिएको परमेश्वरको व्यवस्थालाई आफ्नै खुबीले पालन गर्दामात्र मुक्ति पाइन्छ भनेर इस्रायलीहरूले विश्वास गरेका थिए। तर सत्य त यो हो ,गैर-यहूदी वा अन्यजाति इसाईहरू पो अब्राहमका सन्तान हुन् ,तर शारीरिक जन्मबाट होइन तर परमेश्वरको आश्चर्य वा अलौकिक प्रक्रियाद्वारा जन्मेको छोरा इसाहक जस्ता हुन्। "अब्राहमलाई दिइएको प्रतिज्ञा जसरी इसाहकद्वारा पूरा गरे त्यसरी नै गैर-यहूदी इसाईहरू प्रतिज्ञाका छोराछोरी हुन पुगेका छन्। इसाहक जस्तै ,परमेश्वरको अनुग्रहको कारणले तिनीहरू पनि मुक्तिमा जन्म लिने अवसर पाएका थिए। इसाहक जस्तै तिनीहरू पनि प्रतिज्ञाको करारको पङ्क्तिमा उभिने अधिकार पाउँदछन्।"-*डी. जी. डुन ,द इपिस्टलस् टु द गलेशियनस् )लण्डन :हेन्ड्रिकसन पब्लिशरस् ,१९९३ पृ. २५६बाट रूपान्तरित।*

**अब्राहमका सच्चा सन्तान को हुन् त भनेर देहायका पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्: गलाती ४:२८-३१ "२८ अब हे भाइ हो, इसहाकजस्तै हामी पनि प्रतिज्ञाका सन्तान हौं। २९ तर त्यस बेला जसरी शरीरअनुसार जन्मेकोले आत्माअनुसार जन्मेकोलाई सताउँदथ्यो, अहिले पनि त्यस्तै छ। ३० तर धर्मशास्त्रले के भन्दछ? "कमारी र त्यसको छोरालाई निकालिदेऊ, किनभने दासी-पुत्र स्वतन्त्र स्त्रीको छोरासँग उत्तराधिकारी हुनेछैन।" ३१ यसकारण भाइ हो, हामी कमारीका होइनौं, तर स्वतन्त्र स्त्रीका सन्तान हौं।" र उत्पत्ति**

**२१ः८-१२ "८ बालक बढ्दैगयो, र त्यसले दूध खान छोड्यो। र इसहाकले दूध खान छोड़ेको दिन अब्राहामले एउटा ठूलो भोज दिए। ९ तर मिश्री हागारले अब्राहामबाट जन्माएको छोरालाई ठट्टा गरिरहेको साराले देखिन्। १० यसैकारण तिनले अब्राहामलाई भनिन्, "यस कमारीलाई त्यसको छोरासँगै निकालिदिनुहोस्, किनकि यस कमारीको छोरो मेरा छोरा इसहाकसँग उत्तराधिकारी हुन पाउनेछैन।" ११ आफ्नै छोरो भएकोले यो कुरा अब्राहामलाई साह्रै नराम्रो लाग्यो। १२ तर परमेश्वरले अब्राहामलाई भन्नुभयो, "त्यो बालक र तिम्री कमारीको निम्ति तिमीले चिन्ता नगरी साराले तिमीलाई जसो भन्छे सोहीबमोजिम गर, किनकि इसहाकबाट नै तिम्रो वंशको नाउँ रहनेछ।"**

परमेश्वरले कबुल गर्नुभएको इसाहक आशिषित बालक थियो। तर उसले विरोध र सतावटको सामना गर्नुपरेको थियो। उत्पत्ति २१ः८-१०मा उल्लेखित समारोहको बारेमा पावलले भनिरहेका थिए। त्यहाँ इसाहकलाई सम्मान दिएको थियो ,तर इस्मायलले उसको हाँसो उडाएको जस्तो देखिएको थियो। उत्पत्ति २१ः९मा उल्लेखित हिब्रू शब्द "हाँसे "भनेको छ। तर साराको प्रतिक्रियाले यो देखाउँछ कि इस्मायलले इसाहकको ठट्टा वा बेइज्जत गर्दै थियो। इश्मायलले जुन् व्यवहार गरे ,आजको सन्दर्भमा त्यो मामुली हुनसक्दछ। तर त्यस समय परिवारको जेठा हकदार को हुने भन्ने कुरोको परिस्थिति सृजना भएकोले त्यहाँ परिवारिक कलह गहिरो रूपमा गाडिएको रहेछ भनेर त्यसले देखाउँदछ। बाइबलको कालमा धेरै राजाहरूले आफ्नो गद्दीलाई सुरक्षित पार्न तिनीहरूको विरोधी वा प्रतिस्पर्धा गर्ने जो कोहि वा परिवारका सदस्य वा आफ्नै दाजुभाइलाई पनि मारी दिन्थे )उत्पत्ति ९ः१-६(। इसाहकले उसप्रति गरेको बिरोधको सामना गर्नुपरेको थियो। तर बाबुको हकदार भएको नाताले सबै सम्मान र माया ,सुरक्षा र उनको पक्षमा हुने गतिविधिलाई उनले उपभोग गर्न पाएका थिए।

हामी इसाहकको आत्मिक सन्तान भएकोले हामीमाथि गरिएको आक्रमण, विरोध वा दुःख आइपर्दा हामीले अचम्म मान्नु हुँदैन। त्यो हमला बाहिरबाट नभएर चर्चकै परिवारबाट पनि आउन सक्दछ।

**तपाईंको विश्वासले गर्दा के तपाईंले पनि कसैको आक्रमणलाई सहनु परेको थियो ?विशेष गरेर तपाईंको नजिकको मानिस वा विश्वासीले गरेको हमलालाई तपाईं के भन्नुहुन्छ ?वा यो पनि सोच्नुहोस् ,के अरूको आस्था तपाईंको भन्दा फरक भयो भन्दैमा तपाईंले पनि तिनीहरूको ठट्टा गरिरहनुभ भएको छ वा तिनीहरूको विश्वासलाई तपाईंले आक्रमण गर्नुभएको छ ?यस्तो दोषमा तपाईं सहभागी हुनुभएको छ कि छैन ,सोच्नुहोस्।**

**उपसंहार :**

**थप जानकारीको निम्ति पढ्नुहोस्:** एलेन जी ह्वाइटद्वारा लिखित *,पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. ३६३-३७३मा उल्लेखित "द ल एण्ड कभनेन्टस् " पढ्नुहोस्।

यदि परमेश्वरले अब्राहमसँग गर्नुभएको करारमा मात्र मुक्तिको प्रतिज्ञा थियो भने सीनै पहाडमा अर्को करार परमेश्वरले किन दिनुपरेको थियो त ?सयौं वर्षको दासत्व जीवन बिताएका इस्रायलीहरूले परमेश्वरको बारेमा आत्मज्ञान र अब्राहमलाई गरेको करारको मूलभूत नीतिहरूलाई बिर्सेका थिए।....

परमेश्वरले इस्रायलीहरूलाई सीनै पहाडको फेदीमा ल्याउनुभएको थियो। उहाँले आफ्नो महिमा तिनीहरूलाई देखाउनुभएको थियो। उहाँले तिनीहरूलाई उहाँको व्यवस्था दिनुभयो र यदि त्यसलाई पालन गरे ठूलो आशिष पाउँछ भन्ने शर्त राख्नुभएको थियोमेरोः " यदि तिमीहरूले मेरो आज्ञा पूर्ण रूपमा पालन गर्‍यौ र मेरो करारलाई आत्मसात् गरिराख्यौ र त्यो शर्त अनुसार चल्यौ भने तिमीहरू मेरा पुजारीहरूका राज्य हुनेछौ। तिमीहरू मेरो पवित्र राष्ट्र हुनेछौ।') प्रस्थान १९:५,६ रूपान्तरित(। तर मानिसहरूले आफ्ना हृदयहरू कतिको पापले भरिएको रहेछ भनेर महसुस गरेका थिएनन्। अथवा ख्रीष्टको सहायताबिना परमेश्वरको व्यवस्था पालन गर्न असम्भव थियो भन्ने पनि थाहा थिएन र )जोशको भरमा (तिनीहरूले परमेश्वरसँग करार बाँधे।...अनि केहि हप्ता भित्रै तिनीहरूले आफूहरूले परमेश्वरसँग बाँधेको बाचा भङ्ग गरे र हातले कुँदेको मूर्ती वा गाईलाई पूजा गर्न थाले। तिनीहरूले भङ्ग गरेको बाचाले गर्दा परमेश्वर तिनीहरूको पक्षमा उभिने प्रक्रिया  जारी नै रहन्छ भन्ने कुराको आशा अब तिनीहरूमा भएन। तिनीहरूले पाप गर्‍यौं भनेर महसुस गरे र त्यसको क्षमाको आवश्यकता भएको तिनीहरूले थाहा पाए। अब अब्राहमसँग गरेको करारमा देखाएको मुक्तिदाताको आवश्यता तिनीहरूले पनि गरे। र पवित्र वासस्थानमा गरिएका विभिन्न भोग बलिहरूले आउनेवाला उद्धारकर्तालाई औंल्याउँथ्यो भनेर पनि तिनीहरूले बुझे। तिनीहरूलाई पापको दासत्वबाट छुटकारा दिन परमेश्वर नै तिनीहरूको उद्धारकर्ता हुनुहुन्छ भनेर स्वीकार गर्दै विश्वास र प्रेमद्वारा फेरि तिनीहरू उहाँसँग सम्वन्ध जोडेका थिए। अब तिनीहरूले नयाँ करारको आशिषहरूलाई सराहना गर्न तयार भएका थिए।"- ***एलेन जी ह्वाइट ,पाट्रियार्क एण्ड प्रोफेटस , पृ. ३७१ ,३७२बाट रूपान्तरित।***

**चिन्तनमनन :**

क) परमेश्वरसँगको तपाईंको हिंडाइ पुरानो करार मुताविक छ कि नयाँ करार मुताविक? ती दुइमा के भिन्नता तपाईंले पाउनुभएको छ?

ख) तपाईंको स्थानीय चर्चमा के के विषयमा समस्याहरू खडा भएको तपाईंले पाउनुभएको छ ?तिनीहरूलाई कसरी सुल्झाउनुभएको छ ?के केहि विषयलाई लिएर तपाईंमाथि आक्रमण भएको महसुस गर्नुभएको छ ?र साथै तपाईं पनि कसैप्रति आक्रमणमा सहभागी भएको छैन भनेर कसरी निश्चित हुने ?(हेर्नुहोस्ः मत्ती १८:१५-१७ "१५ "तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गऱ्यो भने, गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाइदेऊ। त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो। १६ तर त्यसले सुनेन भने आफ्नो साथ अरू एक वा दुई जनालाई लैजाऊ र दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस्। १७ यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न इन्कार गऱ्यो भने, मण्डलीलाई भन। त्यसले मण्डलीको कुरा पनि सुन्न इन्कार गऱ्यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस्।(")।

ग) यसो गर्छु ,त्यसो गर्दिन भनेर तपाईंले परमेश्वरसँग कतिपटक बाचा बाँध्नुभयो र त्यसलाई तोड्नुभयो ?यस दिग्दारीपूर्ण तथ्यले परमेश्वरको अनुग्रहको कत्तिको आवश्यकता रहेछ भनेर सोच्न र त्यसको अर्थ के रहेछ भनेर बुझ्न के तपाईंलाई सहायता मिलेको छ?

**सारांशः**

परमेश्वरले गर्नुभएको प्रतिज्ञामा भर नपरि आफ्नै चालमा चलेर धर्मकर्म कमाउनु कत्तिको मूर्खतापूर्ण रहेछ भनेर हागार ,इश्मायल र इस्रायलीहरूको बीचमा सीनैको पहाडको परिसरमा घट्नाले देखाउँदछ। आफूले गरेको धर्मकर्मको आधारमा आफू कतिको धर्मात्मा रहेछु भनेर देखाउने प्रक्रियालाई पुरानो करार भनेर चिनिन्छ। पाप पछि आदम र हव्वासँग स्थापना भएको अनन्तको अनुग्रहको करारलाई नयाँ करार भनेर चिनिन्छ। यो अब्राहममा नविकरण गरिएको थियो र त्यसपछि अन्तमा ख्रीष्टमा पूरा भएको थियो।

# कथा १०

# बिहान आनन्द आउँछ भाग २

त्यस दिन बेलुका पास्टर र उनका पत्नी मेरीको घरमा उनलाई भेट्न गए। मेरी घरमा थिइनन्। उनको पति सामी घर बाहिर एक्लै बसिरहेको थियो। उसले पास्टर र उनको पत्नीलाई आफ्नो दुःख पोखाउँदछ। त्यस दिन उनी र मेरीसँग पैसाको मामिलामा झगडा भएको र सबै जनाले आत्महत्या गर्ने योजना बनाएको भनेर सबै कुरा तिनीहरूलाई भन्दछ।

पर्वहरूको बेलामा चर्चमा गएतापनि परमेश्वर तिनीहरूको साथमा हुनुहुन्छ भनेर तिनीहरूले कहिल्यै पनि महसुस नभएको सामीले खुलासा गर्छ। चर्चकोसको लागि रोमन क्याथोलिक चर्चले मानेका सन्तहरूको मूर्तिहरू आफूले बनाएको र त्यसपछि उसको काम केही नभएको उसले तिनीहरूलाई भन्यो।

पास्टर उनको श्रीमतीले सामीको दुःखलाई ध्यानपूर्वक सुने र नम्रपूर्वक सामीलाई हौशला दिँदै आत्महत्या जीवनको समाधान होइन भनेर उसलाई सम्झाए। परमेश्वरमाथि भरोसा राख्न र उहाँलाई अवसर दिन उहाँलाई समय देऊ भनेर तिनीहरूले सामीलाई भने। सामी बिचल्लीमा परेको हुनाले उसले अरू कुनै उपाय नै सोच्न सकेको थिएन। पास्टर र उनको श्रीमतीसँग कुन् आशाले तिनीहरू जिइरहेकाछन् भनेर सामीले सोधे। तिनीहरूले तीन घन्टा कुराकानी गरे। बाइबलबाट परमेश्वरको प्रेम सामीलाई तिनीहरूले देखाइदिए। परमेश्वर र उहाँको प्रेमको बारेमा सामीका धेरै प्रश्नहरू थिए। सामी र मेरीको निम्ति प्रार्थना गर्न र विशेष गरेर सामीले काम पाओस् भनेर परमेश्वरसँग माग्न पास्टरले प्रार्थना गरे। जब ती दम्पत्ति पास्टर दम्पती बिदाहुनलागे तब अर्को दिन पनि फर्केर आउन सामीले तिनीहरूसँग बिन्ति गरे।

जब अर्को दिनको बेलुका पास्टर फर्केर आए तब मेरी आफ्ना छोराछोरीहरूसँग थिइन्। सामी त झन हँसिलो अनुहार लगाएर बसेको थियो। त्यस दिन बिहान एक जना ठेकदारले सामीकहाँ आएर उसको निम्ति काम गर्न बोलाएको थियो भन्ने समाचार पास्टरलाई भन्न अत्यन्त ऊ उत्सुक मानिरहेकोथियो। धेरै हप्ताहरूपछि मेरी पहिलो पल्ट हँसिलो भएकी थिइ। जीवन क्षतबिक्षत भएर बसेका ती मानिसहरूको जीवन अघिल्लो साबथमा भेटेको भन्दा अत्यन्त फरक भएको ती पास्टरले देखे।

अर्को पल्ट पास्टर जब तिनीहरूको घरमा फेरि भेट्न आए तब मेरीले अत्यन्त खुशीभएर उनलाई भनिन्, "दानिएलको ज्वरो गयो! उसको खोकी अलिअलिमात्र बाँकी छ।" केही दिनपछि त्यो बालक अरू जस्तै हाँसीखुशी खेलिरहेको थियो र खाना पनि राम्रोसँग खान थालेको थियो। मदेश, र पास्टर र उनको पत्नी त्यस परिवारलाई निरन्तररूपमा भेट्न गए। त्यस परिवारको जीवनमा आमूल परिवर्तन भएको तिनीहरूले देखे। जुन परिवार सधैं झगडामात्र गरिरहन्थ्यो र मर्नको निम्ति आत्तुरी भएका थिए अब तिनीहरू सँगसँगै बाइबल पढ्न र प्रार्थना गर्न थालिरहेका थिए। जब पास्टर बाइबल अध्ययन गर्न बराबर सामीको घरमा आउँथे तब उसले छिमेकीहरूलाई पनि सुन्नको निम्ति बोलाउँथ्यो। केही समयपछि २५ जना मानिसहरू बाइबल अध्ययन गर्न सामीको घरमा आउन थालेका थिए। तिन महिनापछि सामी र मेरीले बप्तिस्मा लिए। त्यसबेला तिनीहरूले तिनीहरूको साथीहरूलाई पनि बोलाए र केही महिनापछि अन्य छजनाले पनि बप्तिस्मा लिए। परमेश्वरलाई माया गर्ने एडभेन्टिस्टहरूले हृदय खोलेर प्रार्थना गरेको समयदेखि सामीको काम कहिल्यै पनि छुटेन। यो सामी र मेरीको निम्ति ठूलो गवाही भएको थियो। हरेक साबथ त्यस दम्पत्तीले १०० रुपैंया दशांस र भेटीको निम्ति खुशी साथ ल्याउँछन्।

(सामी जसको खास नाउँ अरक्यासामी र मेरी भारतको टिची गाउँमा चर्चको सक्रिय सदस्यहरू हुन्)।